३) योजना सञ्चालन गर्ने गाँउपालिका र मातहत निकायले नगदै अंशदान गर्नुपर्ने भनी तोकिएकोमा सोहि नगद अंशदान सम्वन्धित उपभोक्ता समितिले राख्नु पर्नेछ ।

४) बैदेशिक निकायबाट सञ्चालन हुने योजनाको हकमा सो निकायसँग भएको सम्झौता तथा निर्देशिका भएमा सोही निर्देशिका अनुसार हुनेछ ।

५) विपन्न वर्ग, दलित, जनजाति तथा उत्पीडित लगायतका समुदायको लागि संचालित योजनाको हकमा नेपाल सरकारले छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नगरेको हकमा योजनाको प्रकृति हेरी गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

**१० गाँउपालिकाबाट उपभोक्ता समितिलाई प्रदान गरिने सेवाहरु**

१) उपभोक्ता समिति गठन गर्दा पालना गर्नुपर्ने ऐन, निमय र निर्देशिका बारे जानकारी गराउने ।

२) उपभोक्ता समितिबाट हुने जनसहभागिताको मुल्याङ्कन गर्ने ।

३) प्रचलित कुनन वमोजिम **अनुसुचि २** बमोजिम ढाँचामा योजना सम्झौता गरी कार्य सञ्चालनका लागि प्रचलित कानुनको अधिनमा रही पेश्की उपलब्ध गराउने ।

४) योजनाको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिलाई तालिम दिने ।

५) योजनाको स्थलगत भ्रमण गरी लागत अनुमान एवं भए गरेका कार्यको प्राविधिक मुल्याङ्कन गर्ने

६) विकास निर्माण कार्यको आवश्यकता अनुसार स्थलगत निरिक्षण तथा सार्वजनिक लेखापरिक्षण गर्न लगाई निकासा छाड्ने ।

७) उपभोक्ता समितिबाट पेश भएका योजनागत कार्यप्रकृया पुगेको एक महिनाभित्र फरफारक गर्ने

८) फरफारक भएका योजनाहरुको अन्तिम भुक्तानी दिने ।

९) आवश्यकता अनुसारको प्राविधिक परामर्श दिने ।

**१२) उपभोक्ता समितिले आर्थिक कारोवार सञ्चालन**

१) एक लाख भन्दा माथिको भुक्तानी गर्दा वा कारोबार गर्दा बैंक मार्फत दिनु पर्नेछ । खाता खोल्दा उपभोक्ता समितिको निर्णयानुसार नजिकको पायक पर्ने बैंकमा खाता खोली सञ्चालन गर्नुपर्नेछ ।

२) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलाइ गाँउपालिकामा अभिलेख राख्नपर्नेछ ।

३) योजना सञ्चालनबारे गाँउपालिका वा सम्बन्धित निकायले जुनसुकै वखत पनि उपभोक्ता समितिको खाता र बैंक पासवुक जाँचवुझ गर्न सक्नेछ ।

४) उपभोक्ता समितिले काम सम्पन्न गरेपछि योजनाको आय/व्यय विवरणको सार्वजनिक परिक्षण सहित एक प्रति फरफारकका लागि लागि पेश गर्नु पर्नेछ ।

केशव चन्द्र वानिया
गाउँपालिका अध्यक्ष